तीन शताब्दी पुरानो इतिहास बोकेको... ४ | चिहानको चिया पसल ५ | महिला एथलेटिक्समाथि प्रतिबन्ध ६

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

BRILLIANT COACHING
Admisson for New Batch is going on !!!
1. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 1 Year (2018 Exams)
2. JEE-(MAIN/ADVANCED) & NEET
Duration: 2 Years (2019 Exams)
3. Boards (X & XII ) - ICSE/ISC/CBSE
Gangtok: 03592-201090/97332 97367
Siliguri: 0353-2576611/74070 80453

■ वर्ष - १८, अंक - १९२ ■ वि.सं. २०७४, भदौ २९ गते ■ गान्तोक, बिहीवार १४ सेप्टेम्बर, २०१७ www.hamroprajashakti.com ■ SEPTEMBER 14, 2017, THURSDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## दार्जीलिङ समस्यामा केन्द्रले हस्तक्षेप नगर्ने

### समाधान मुख्यमन्त्री ममता ब्यानर्जीले नै गर्नुपर्छ : अमित शाह

**कलकत्ता, १३ सेप्टेम्बर।** दार्जीलिङ पहाड़को समस्यामा केन्द्र सरकारले हस्तक्षेप गर्नेछैन, पहाड़ मुद्दाको समाधान राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले नै गर्नुपर्नेछ भनी भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष अमित शाहले स्पष्ट रूपमा जनाएका छन्। मंगलवार बेलुकी कलकत्तामा एउटा अग्रणी बंगला दैनिकलाई दिएको विशेष अन्तर्वार्तामा भाजपा अध्यक्षले यस्तो बयान दिएका हुन्। दार्जीलिङ पहाड़को आन्दोलन र वर्तमान स्थितिबारे अमित शाहले भने, यो कानून-व्यवस्थाको समस्या हो, जुन राज्य सरकारको क्षेत्राधिकारभित्र पर्छ। तिनले (मुख्यमन्त्री ममता ब्यानर्जीले) नै यो (कानून-व्यवस्था) सम्हाल्नु पर्नेछ। तर पहाड़मा आन्दोलनको पछाड़ि भाजपाको सहयोग रहेको तृणमूल कंग्रेसको आरोपको सम्बन्धमा तिनको ध्यानाकर्षण गर्दा अमित शाहले भने, हामीले के गरेका छौं? मनमा जे आयो त्यो भन्दा भइगयो! तर तिनको आरोपलाई कसले कान दिन्छ र!



मंगलवार उत्तरकन्याको सर्वदलीय बैठकमा पहाड़का राजनैतिक दलहरूले मुख्यमन्त्री ममता ब्यानर्जीसमक्ष पहाड़ मुद्दा समाधानको निम्ति त्रिपक्षीय बैठक डाक्ने माग गरेको प्रसंगतिर ध्यानाकर्षण गराउँदै के त्रिपक्षीय बैठकमा पहाड़ मुद्दाको समाधान मार्ग निस्कने छ? भनी सोधिएको प्रश्नको उत्तरमा भाजपा अध्यक्षले भने, मुख्यमन्त्री ममता ब्यानर्जीले द्विपक्षीय बैठक मार्फत नै जे गर्नु पर्नेछ त्यो गर्ने कुरा जनाएकी छन्, त्यसैले जे गर्नुपर्ने त्यो उनले नै गर्नु पर्नेछ, हामी यसमा कुनै पनि प्रकारले संलग्न छैनौं, फलस्वरूप समाधान मार्ग के हुनेछ, त्यो म कसरी भन्न सक्छु। समाधान सूत्र पनि दिदी (ममता ब्यानर्जी)लाई नै सोध्नु होस्, अमित शाहले भने।

तर पहाड़को वर्तमान परिस्थितिको तत्काल कुनै समाधान छैन भन्ने कुरा भाजपा अध्यक्षलाई राम्ररी ज्ञात रहेको राजनैतिक जानकारहरूको एउटा समूह बताउँछन्। सन् २०१४-को लोकसभा चुनाउमा पश्चिम बंगालबाट भाजपाका दुइजना सांसद निर्वाचित भएका थिए, जसमध्ये एकजना एसएस अहलुवालियाले दार्जीलिङ लोकसभा समष्टिबाट चुनाउ जितेका हुन्। गोर्खा जनमुक्ति मोर्चाको समर्थन निश्चित निम्ति नै भाजपाले गत लोकसभा चुनाउअघि अन्तिम क्षणमा पार्टीको घोषणापत्रमा गोर्खाल्याण्ड राज्य गठनको मागबारे सहानुभूतिपूर्वक विचार गर्ने कुरा उल्लेख गरेको थियो। यसबाहेक त्यसताक भाजपाका स्टार प्रचारक तथा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले सिलगड़ीमा आयोजित चुनाउ जनसभामा गोर्खाहरूको सपना तिनको पनि सपना रहेको कुरा जनाएका थिए। तर परिस्थिति परिवर्तन भएकोले गोर्खाहरूको माग र गोर्खाल्याण्डबारे अहिले भाजपा र यसका अग्रिम पंक्तिका नेताहरूले भाका फेरिरहेका छन्।

पहाड़को वर्तमान परिस्थितिबारे अमित शाहले भनेअनुसार छुट्टै गोर्खाल्याण्ड राज्य गठनको मागमा पहाड़मा जुन आन्दोलन भइरहेको छ त्यो तिनीहरूको दृष्टिमा मात्र कानून-व्यवस्थाको समस्या हो। मोर्चालगायत पहाड़का मानिसहरूको माग र आन्दोलनबाट भाजपा र यसका अग्रिम पंक्तिका नेताहरू विविध कारणले पन्छिन खोजिरहेको पार्टीकै केही नेताहरू अनि राजनैतिक

▶रहल पाता २-मा

### पश्चिम जिल्लामा सड़कको दुरावस्था

## १९९५-मा थालिएको सड़क अझै जस्ताको त्यस्तै

**मधु शर्मा**

**गेजिङ, १३ सेप्टेम्बरः** पश्चिम जिल्लाका आम मानिसहरूले सड़कको समस्या झेल्नुपरेको गुनासो व्यक्त गरेका छन्। विशेषगरी लेग्सेप-गेजिङ सड़क मार्गको ६ माइल खोपामा सड़कको दुरावस्थाले यात्रीहरूले दुईदेखि तीन घण्टसम्म खोपामै बिताउनु परिरहेको छ भने अर्कोतर्फ सड़कको नाजुक अवस्थाले साना गाडीहरूको कलपुर्जाहरू ठोक्किएर वाहन मालिकहरूले दिनहुँ नोक्सानी खप्नुपरेको गुनासो छ। यति मात्र होइन पेलिङतर्फ आउने देशी-विदेशी पर्यटकहरू उक्त सड़कमा घण्टौं जाममा फँसेर सिक्किम सरकारको नकारात्मक कुराहरू गर्ने गरेको सुनिएको छ कतिपयले सिक्किम फेरि फर्केर नआउने पनि बताउने गरेका छन्। सड़क मार्गको दुरावस्थाले गर्दा यस समय पर्यटन व्यवसाय गर्ने साथै व्यापार गर्नेहरूले वर्षेनी नोक्सानी खप्नुपरेको छ। सरकारले एकापट्टि सानो राज्यमा सरकारी नोकरिको अवसरहरू कमी छ अनि सिक्किमे



शिक्षित युवा पिँढ़ीले व्यापार व्यवसाय चलाएर स्वयं मालिक बन्नुपर्छ भन्ने गरेको भए तापनि दिन-दिनै जीर्ण अवस्था भएको सड़क मार्गको कारणले पर्यटन व्यवसाय

▶रहल पाता २-मा

### सोनाम वाङ्दीको अनैतिक कर्तुतले सिक्किमको शान्ति अनि एकतालाई घात परेको आरोप

**गान्तोक, १३ सेटेम्बर:** अखिल सिक्किम बौद्ध तमु संघले सिक्किमका ११ जातिलाई जनजातिको सूचीमा अन्तर्भुत गर्नु हुँदैन भनी सिक्किमका पूर्व सचिव सोनाम वाङ्दीले गैर जिम्मेवारीपूर्व केन्द्रिय मन्त्रीलाई लेखेको पत्रलाई तीब्र खण्डन र भत्सर्ना जनाएको छ। वाङ्गदीले सिक्किमका यी ११ जातीय समुदायलाई जनजातिको दर्जा प्राप्त गर्नबाट बञ्चित गराउनु आफ्नो सबै प्रयासहरूको प्रयोग गरेर सिक्किम राज्य अनि यहाँका जनतालाई अपमान गरेको संगठनले बताएको छ। सिक्किमका मुख्यमन्त्री पवन चामलिङले सिक्किमका सम्पूर्ण जातिलाई अनुसूचित जातिको सूचीमा अन्तरभुक्त गराउने अथक परिश्रम गरिरहेको तर सोनाम वाङ्दीको यस्तो अनैतिक कर्तुतले सिक्किम राज्यको शान्ति अनि एकतालाई घात परेको बताइएको छ। सोमाम वाङ्दीले सिक्किममा बसोबास गर्ने नेपाली जातिलाई आफ्नो अप्रजातान्त्रिक शब्द 'इमिग्रान्ट'को प्रयोग गरी केन्द्रिय मन्त्रीलाई चिठ्ठी लेख्नु अयन्त दुर्भाग्य र निन्दनीय कुरो रहेको संगठनले जनाएको छ। उनले यसो गरेर सिक्किमको साम्प्रदायिक एकता र शान्ति खलबल्याउने साथ-साथै यहाँको सांस्कृतिक एकता भाँड़ने प्रयास गरेको पनि संगठनको भनाई छ।

### कार्यालय खोलिए, स्टेट बस चलाइयो

**दार्जीलिङ, १३ सेप्टेम्बर।** बुधवार शहरमा विभिन्न सरकारी कार्यालयहरू खोलिएको देखियो साथै सिलगढ़ीबाट उत्तर बंग राज्य परिवहन निगमको बस पनि आयो। यस दिन दुइवटा बस दार्जीलिङ शहर आइपुग्यो। अर्कोतिर, प्रशासनले शहरमा शान्ति-व्यवस्था बनाइराख्न चोक बजार, मोटर स्ट्याण्ड, रेलवे स्टेशन, चौरस्ता आदि क्षेत्रहरूमा व्यापक मात्रामा पुलिस तैनाथ गरेको थियो।

### खरसाङमा 'विमल गुरुङ जिन्दावाद'को नाराका साथ जुलूस

**खरसाङ, १३ सेप्टेम्बर।** अलग राज्य गोर्खाल्याण्ड गठनको मागमा आज खरसाङमा

▶रहल पाता २-मा

### मदन तामाङ हत्याकाण्ड मामिलाको सुनवाई गर्न

## दार्जीलिङ जिल्ला अनि सत्र न्यायालयमा भीडियो कन्फरेन्सको पूर्वाधार छैन

**कलकत्ता, १३ सेप्टेम्बर।** दार्जीलिङ जिल्ला अनि सत्र न्यायालयमा भिडियो कन्फरेन्स गर्ने पूर्वाधार छैन। इण्टरनेट सेवा पनि बन्द छ। बिजुली पनि अनियमित छ। यस्तै आशयको एउटा रिपोर्ट कलकत्ता नगर सत्र अदालतका मुख्य न्यायाधीशको इजलाशमा जमा भएको छ। सर्वोच्च न्यायालयले अखिल भारतीय गोर्खा लीग नेता मदन तामाङ हत्याकाण्ड मामिलाको सुनवाई भीडियो कन्फरेन्समार्फत गर्ने निर्देश दिएको थियो। कलकत्ता नगर सत्र अदालतमा भीडियो कन्फरेन्समार्फत सुनवाई गर्नसक्ने पूर्वाधार रहे पनि दार्जीलिङ जिल्ला अनि सत्र अदालतमा त्यो पूर्वाधार छ-छैन त्यसबारे कलकत्ता नगर सत्र अदालतले दार्जीलिङको अदालतबाट एउटा रिपोर्ट मागेको थियो। त्यसै सम्बन्धमा दार्जीलिङ जिल्ला सत्र अदालतले पठाएको एउटा रिपोर्ट कलकत्ता नगर सत्र अदालतमा जमा भएको छ।

दार्जीलिङ जिल्ला सत्र अदालतले रिपोर्टमा जनाएअनुसार त्यहाँ भीडियो कन्फरेन्स मार्फत सुनुवाई गर्न विविध समस्या छ। दार्जीलिङमा इण्टरनेट सेवा बन्द छ। बिजुलीको आपूर्ति पनि अनियमित छ। अदालतमा बिजुलीको ब्याकअप व्यवस्था पनि ठीक छैन। यस्तो रिपोर्टको फलस्वरूप कलकत्ता नगर सत्र अदालत अनि दार्जीलिङ जिल्ला सत्र अदालतमाझ भीडियो कन्फरेन्स मार्फत मदन तामङ हत्याकाण्ड मामिलाको सुनवाई हुने कुरा अनिश्चित भएको छ। मदन तामङ हत्याकाण्ड मामिलाका सबै अभियुक्त नै दार्जीलिङ पहाड़का बासिन्दाहरू छन्। तिनीहरूले सर्वोच्च न्यायालयमा एउटा याचिका दर्ता गरेर मदन तामङ हत्याकाण्ड मामिलाको सुनवाई कलकत्ता नगर सत्र अदालतमा भए तिनीहरूले न्याय नपाउने आशंका व्यक्त गर्दै सबै अभियुक्तहरूको निम्ति दार्जीलिङबाट कलकत्ता ओहोर-दोहोर गर्नमा असुविधा हुने कुरा जनाउँदै मुद्दाको सुनवाई सिक्किम उच्च न्यायालयमा सार्ने अनुरोध गरेका थिए। तर सर्वोच्च न्यायालयले सिक्किम उच्च न्यायालयमा सार्नको साटो मामिलाको सुनवाई भिडियो कन्फरेन्स मार्फत गर्ने निर्देश दिएको थियो। अभियुक्तहरू बारम्बार सुनवाईको निम्ति कलकत्ता नगर सत्र अदालत आउन नपर्ने अनि तिनीहरू दार्जीलिङ जिल्ला सत्र न्यायालयमा उपस्थित रहेर भिडियो कन्फरेन्समार्फत कलकत्ता नगर सत्र अदालतमा उपस्थित न्यायाधीशसमक्ष सुनवाई हुने कुरा सर्वोच्च न्यायालयले जनाएको थियो। तर दार्जीलिङ जिल्ला तथा सत्र अदालतमा भीडियो कन्फरेन्सको पूर्वाधार छ के? भन्ने प्रश्न उठेको थियो। त्यसै सन्दर्भमा कलकत्ता अदालतको निर्देशमा दार्जीलिङ जिल्ला तथा सत्र अदालतका न्यायाधीशले एउटा रिपोर्ट कलकत्ता नगर सत्र अदालतका न्यायाधीशकहाँ पठाएका हुन्। दार्जीलिङमा इण्टरनेट सेवा ठप्प छ। बिजुलीको व्यवस्था पनि ठीक छैन। भीडियो कन्फरेन्सको निम्ति कोठा २०० वर्गफीट पनि छैन। मदन तामङ हत्याकाण्डका सबै ४६ अभियुक्त बस्नसक्ने भिडियो कन्फरेन्स हल नै छैन। फलस्वरूप भिडियो कन्फरेन्समार्फत यहाँ मामिलाको सुनवाई गर्नु प्रायः असम्भव छ, रिपोर्टमा भनिएको छ। कलकत्ता नगर सत्र अदालतका न्यायाधीश कुन्दन कुमार कुमाईको इजलाशमा यो रिपोर्ट मंगलवार जमा गरियो। यो मामिलाको अघिल्लो सुनवाई १८ सेप्टेम्बरमा हुनेछ।

स्मरण रहोस्, अभागोली प्रमुख मदन तामङको २१ मई २०१० बिहानै दार्जीलिङमा हत्या भएको थियो। यस घटनामा विमल गुरुङलगायत मोर्चाका अग्रिम पंक्तिका नेता र कार्यकर्ताहरूको संलग्न रहेको आरोप थियो। तरपछि पर्याप्त तथ्य र प्रमाणको अभावमा कलकत्ता नगर सत्र अदालतले विमल गुरुङको नाउँ अभियुक्तहरूको सूचीबाट हटाउने निर्देश दियो। सीबीआईले दाखिल गरेको चार्जशीटमा अहिले ४६ जना अभियुक्तको नाउँ छ, जसबारे चार्जगठन प्रक्रियाको सुनवाई शुरू हुन बाँकी नै छ।

## विमल गुरूङसँग जनता छैन, बन्द २-४ दिनमा खोलिनेछ :विनय तामङ

**दार्जीलिङ, १३ सेप्टेम्बर।** विनय तामङले दशैंअघि नै दार्जीलिङमा जनसभा गर्ने, चाँड़ै नै दिल्ली गई केन्द्रिय मन्त्रीहरूसँग भेट गरेर छुट्टै राज्य गोर्खाल्याण्डको मुद्दामा कुराकानी गर्ने अनि गोर्खाल्याण्डबारे केन्द्र सरकारको सोच बुझेर भावी कार्यक्रमहरूको कार्यनीति तयार गरिने बताएका छन्। १२ सेप्टेम्बरको बैठकपछि आमरण अनशनमा बस्ने तिनको पूर्वघोषणाबारे प्रश्न गर्दा तामङले आफू चाँड़ै दिल्ली गई केन्द्रिय मन्त्रीहरूसँग गोर्खाल्याण्ड मुद्दामा कुराकानी गरेर गोर्खाल्याण्डबारे तिनीहरूको सोच बुझेर दार्जीलिङमा जनसभा गरिने, आमरण अनशन



आदिबारे चर्चा-परिचर्चा गरिने बताए। तामङले पहाड़मा अनिश्चितकालीन बन्द आउँदो २-४ दिनभित्रमा नै खोलिने बताए। दार्जीलिङमा कोही नेता छैन, नेता भन्नेहरू पहाड़ छोड़ेर भागेका छन्, यहाँसम्म कि परिवारहरू पनि लिएर भागेका छन् तर म मात्र पहाड़मा बसेर जनहित र गोर्खाल्याण्ड आन्दोलन चलाइरहेको छु, तिनले भने।

तामाङले विमल गुरूङसँग जनतासमेत नभएको दावी गर्दै जनता नै आउँदो २-४ दिनभित्रमा पहाड खोल्ने बताए। गुरुङले बन्द विनय तामङले बोलाएको भनी बताएकोमा विनयले त्यसबेला पार्टीप्रमुख विमल गुरूङ संकटमा परेका थिए, तिनको घर, पार्टी अफिसमा पुलिसले छापामारी गरेको थियो त्यसकारण

▶रहल पाता २-मा

## दिल कुमारी भण्डारीसित चौहानको भेटवार्ता

**गान्तोक, १३ सेटेम्बर:** भारतीय जनता पार्टी सिक्किम प्रदेश अध्यक्ष डीबी चौहानको एउटा प्रतिनिधि टोलीले सिक्किम संग्राम परिषद् पार्टी अध्यक्ष दिल कुमारी भण्डारीलाई गान्तोक स्थित उनको वासस्थानमा भेट गरी उनले संग्राम परिषद् पार्टीको अध्यक्षको दायित्व सम्हालेकोमा बधाई एवं शुभकामना दियो। प्रदेश भाजपाले स्व. नर बहादुर भण्डारी सिक्किमेको हक र हितको निम्ति मरिमेट्ने सिक्किमका पिता समान थिए तर उनको निधनपछि श्रीमती भण्डारीले संग्राम परिषद्लाई नेतृत्व दिनाले उनले सिक्किमे आमाको अभिभारा लिएको ठहर गरेको छ। भेटघाटमा अध्यक्ष



भण्डारीले उनको सिक्किम र सिक्किमे जनताले आफूलाई कहिल्यै तिरिनसक्नु ऋृण लगाएको र आफ्नो रहेको जीवन र समय सिक्किमे जनताकै निम्ति समर्पण गर्ने अठोट जाहेर गरिन्।

प्रदेश अध्यक्ष डीबी चौहानले सिक्किममा सबै विपक्षी पार्टीहरूले आ-आफ्नो दायिव निभाइरहे पनि चुनाउको समयमा भने एकमुष्ट भई लड्नुपर्ने र संग्राम परिषद् पार्टी र

▶रहल पाता २-मा

## मानताम झीलको कारणले दुईवटा गाउँ सम्पर्कविहिन



**जङ्गु, १३ सेप्टेम्बर:** गत वर्ष उत्तर सिक्किममा भयानक पैह्रो जाँदा निर्माण भएको मानताम झीलले अपर जङ्गुका ११ गाउँहरुको सडक सम्पर्कलाई विच्छेद गराइदिएको छ। यी गाउँहरुलाई सम्पर्कमा ल्याउन, जिल्ला प्रशासन र भूमी राजस्व एवं आपदा प्रबन्धन विभागले झीलबाट मानिसहरुलाई पार गराउन, दुईवटा मोटरभएको राफ्टिङ संचालनमा ल्याएको छ। सडक एवं पुल विभागले सडक सम्पर्कलाई दुरस्त पार्ने दायित्व लिएकोछ अनि यो काम युद्धस्तरमा चलिरहेको छ। यस्तै खानी एवं भूगर्भ विभागले अप्रिल अनि मई महिनामा बाँधहरुमा कन्ट्रोल्ड ब्रिचिङ लगाएको थियो जसले गर्दा यथेष्ट मात्रामा नदीका पानीहरुलाई सुक्खा गराइएको थियो। मनसूनको समयमा थोलूङ खोलाबाट थुप्रै रोडा, ढुँगा माटोहरु बगाएर ल्याएपछि यो मानताम

▶रहल पाता २-मा

## नथुला भएर मानसरोवर जान दिन चीन तयार

**गान्तोक, १३ सेप्टेम्बर:** डोकलाम विवाद समाप्त भएको लगत्तै चीनले भारतीय तीर्थयात्रीहरुको लागि नथुला मार्ग भएर कैलाश मानसरोबर यात्रा भ्रमण गर्न अनुमति दिने बताएको छ। चीन विदेश मन्त्रालयका प्रवक्ता गेङ सुआङले भारतीय तीर्थयात्रीहरुलाई भ्रमण गर्न सजिलो बनाउन चीनले प्रयास शुरु गरेको बताएका छन्। भारतीय तीर्थयात्रासम्बन्धी अन्य मामिलाबारे पनि चीन चर्चा गर्न तयार रहेको तिनले बताए। यद्यपि, ब्रह्मपूत्र नदीको माथिल्लो भागको जलीय तथ्याङ्क भने साझा गर्न चीनले अस्वीकार गरेको छ। ब्रह्मपूत्रको तथ्याङ्क संग्रह केन्द्र तिब्बत स्वायत्तशासित क्षेत्रमा रहेको छ। धेरै अघिदेखि चीनले थुप्रै असुविधा हुँदाहुँदै पनि भारतीय तीर्थयात्रीहरुको लागि आवश्यक सुविधाको बन्दोबस्त गरिदिएको छ अनि सम्झौताअनुसार चीनले भारतीय तीर्थात्रीहरुको लागि बाटो खुला गरिदिएको थियो अनि यो अभियान राम्ररी चलिरहेको थियो, गेङले भने। डोकलाम विवादलाई सान्दर्भिक गर्दै तिनले भने, जून महिनामा भारतीय सैनिक टुकडी अवैधरुपमा सीमाभित्र छिरेकोले दुवै पक्षको सीमा क्षेत्रमा अशान्ति सृष्टि भयो जसले गर्दा भारतीय तीर्थयात्रीहरुलाई रोकिएको थियो। नथुलाबाट कैलाश पर्वत जान भारतीय तीर्थयात्रीहरुलाई रोकिएपछि सयौंको संख्यामा तीर्थयात्रीहरु बिचल्लीमा परेका थिए।

चीनले सडकहरु भत्केको कारण देखाएपछि अधिकांश तीर्थयात्रीहरु सिक्किमको राजधानी गान्तोकमा नै रोकिएका थिए। यो नाथुला भएर कैलाश मानसरोबर जाने बाटो जून २०१५ देखि शुरु भएको थियो। अहिलेसम्म ५० तीर्थयात्रीहरुको एक टोली गरेर ७ वटा टोली मानसरोबर पुगिसकेका छन्। यसरी नै उत्तराखण्डको लीपू लेक मार्ग भएर अहिलेसम्म ६० जना भारतीयहरुको एक टोली गरेर कुल १८ टोलीले मानसरोबर यात्रा गरिसकेका छन्। यस नाथुल मार्ग भएर कैलाश मानसरोबर पुग्न धेरै कम समय लाग्ने गर्दछ।

## अब गोर्खाल्याण्डको त्रिपक्षीय वार्ता हुनुपर्छ : डा. हर्कबहादुर छेत्री



**कालेबुङ ११ सेप्टेम्बर।** 'मुख्यमन्त्री ममता ब्यानर्जीले पहाडको जनभावनालाई कदर गर्छु भनिन्। यदि साँच्चै मुख्यमन्त्रीले पहाडको जनभावनालाई कदर गर्छिन् भने पहाडको जनभावना छुट्टै राज्य गोर्खाल्याण्ड हो। त्यसलाई तपाईंले पूरा गर्दिनुहोस्' उक्त कुरा जन आन्दोलन पार्टीका अध्यक्ष डा. हर्कबहादुर छेत्रीले आज भने। सिलगडीको उत्तरकन्यामा सर्वदलीय बैठकमा भाग लिएर कालेबुङ आइपुगेका जाप अध्यक्ष डा. हर्कबहादुर छेत्रीले आज यहाँको मेन रोडमा जनतालाई सम्बोधन गरेका थिए। यसक्रममा उनले बैठकमा भएका सम्पूर्ण कुराकानीको सार्बजनिक गरे। डा. छेत्रीको भाषण सुन्नका निम्ति आज मेन रोडमा मानिसहरूको व्यापक उपस्थिति रहेको थियो।

'द्विपक्षीय वार्ताले मात्र केही हुँदैन। हामी चाहन्छौं त्रिपक्षीय वार्ता

▶रहल पाता २-मा